मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी,कैलाली

मिति २०७६/१२/२६

## असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड,२०७६
( परिमार्जन सहित)

कोभिड-१९ को सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाईदैनिक जीवनयापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरि नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ |

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :-

(१) यस मापदण्डको नाम "असंगठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड,२०७६" रहेको छ |

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधि सम्मको लागि लागु हुने छ |

२. <u>परिभाषा</u> :-

विषय व प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) असंगठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग भन्नाले दैनिक रुपमा कामकाज गरि पटके वा दैनिक ज्याला आम्दानि गर्ने दफा ४ बमोजिमका श्रमिक,कामदार तथा मजदुर सम्झिनु पर्दछ |

(ख) असहाय भन्नाले कसैको लालन पालनमा नरही असक्त ताथा आवास बिहिन भई मन्दिर,आश्रम,धर्मसाला,गुम्बा,मस्जिद,गुरुद्वार,चर्च वा बृद्धाआश्रममा बस्ने व्यक्ति सम्झिनु पर्दछ |

(ग) राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्वंधित् स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक बर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामग्री सम्झिनु पर्दछ |

(घ) स्थानीय तह भन्नाले महानगर पालिका ,उपमहानगरपालिका,नगरपालिका तथा गाउँपालिका सम्झिनु पर्दछ |

३.<u>अभिलेख राख्नु पर्ने</u> :

(१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक बर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ |

(क) पसल बाट ग्राहकको घर सम्म सामान ओसारपसार गर्ने श्रमिक

(ख) पर्यटक भरिया,निर्माण सामग्री भरिया तथा सवारीसाधन नचल्ने बाटोमा आवस्यक बस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

Scanned with CamScanner

(ग) ट्रक,ट्रीपर,भ्यान बाट समान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई,शिसु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्तिहरु,

(च) गिट्टी कुट्ने,बालुवा चाल्ने तथा इट्टा भट्टामा काम गर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी,सिकर्मी,हेल्पर लगायतका मजदुर,

(ज) नान्लो पसले,दैनिक रुपमा पत्रिका वितरक,साना फुटपाथ पसले,ठेलागाडा तथा साइकलमा सामान बिक्रि वितरण गरि गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर :

(१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक,सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ,

(ञ) अन्य व्यक्तिको गार्मेन्ट,कार्पेट,टेलरिंग,गलैचा,बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(ठ) **यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मोहन्याल गाउँपालिकाको भौगोलिक विकटता र उब्जाउ जमिन नभएका कारण भारतमा ज्याला मजदुरी गरि सो पैसा बाट गुजारा गर्ने व्यक्तिहरु, गरिब,अति गरिब,अति बिपन्न,एकल (महिला/पुरुष),अपांगता भएका व्यक्तिहरु सिमान्तकृत तथा लोपोन्मुख जातिका व्यक्तिहरु र लकडाउनका कारण प्रत्यक्ष प्रभावित व्यक्तिहरु,**

(२) यस दफा बमोजमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची - १ बमोजिम सम्बन्धित वडा सचिबले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिन भित्र तयार गरि सार्बजिक गर्नु पर्नेछ ।

## ४. <u>राहात् वितरण गर्नुपर्ने</u> :-

दफा ३ बमोजिमको लागतमा समाबेस भएको श्रमिक बर्ग तथा असहायलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढांचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
खिमडी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

Scanned with CamScanner

५. **राहत सामग्री** :-

(१) खाद्य आवस्यकताको आधारमा श्रमिक वर्ग तथा असहायलाई प्रति परिवारको सामग्री राहत स्वरूप वितरण गरिनेछ।

(क) चामल २५ किलोग्राम

(ख) दाल २ किलो ग्राम

(ग) नुन २ प्याकेट

(घ) खाने तेल १ लिटर

(ङ) साबुन २ वटा (प्रति गोटा दर रु २० मात्र)

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक ईकाई मानि सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ।साथै परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा १ बमोजिमको राहत् सामग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्री वितरण गरिनेछ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक बर्ग तथा असहाय तथा तीसँग संग रहेका परिवारका कुनै सदस्यले यस अबधिमा कुनै वैकल्पिक आय आर्जन गरको अबस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री वितरण गरिने छैन।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारका कर्मचारी(अस्थायी/स्थायी),शिक्षक(अस्थायी/स्थायी),प्यान दर्ता भएका ब्यबसायी,उधोगी तथा ब्यापारीहरुलाई यो राहत सामग्री वितरण गरिने छैन।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मोहन्याल गाउँपालिकाको भौगोलिक विकटता र उब्जाउ जमिन नभएका कारण भारतमा ज्याला मजदुरी गरि सो पैसा बाट गुजारा गर्ने व्यक्तिहरु, गरिब,अति गरिब,अति बिपन्न,एकल (महिला/पुरुष),अपांगता भएका व्यक्तिहरु सिमान्तकृत तथा लोपोन्मुख जातिका व्यक्तिहरु र लकडाउनका कारण प्रत्यक्ष प्रभावित व्यक्तिहरुलाई पनि राहत वितरण गरिनेछ।

६. **वितरण गर्ने बिधि** :-

(१) देहायको बिधि अबलम्बन गरि दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नु पर्नेछ।

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामग्री खरिद गरि वितरण गर्ने।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाब्य भिड तथा अन्य ब्यबस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्ने।

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ता बाट मुल्यासुची लिई सोको आधारमा सामग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने।

(२) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ता बाट राहत सामग्री उपलब्ध गराउ

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकको कार्यालय खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

७. **राहत वितरणको अभिलेख र प्रतिबेदन** :-

(१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राही साप्ताहिक रुपमा सार्बजनिक गर्नु पर्नेछ, र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिबेदन अनुसूची ३ बमोजिमको ढांचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) संघिय मामिला तथा प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगंमन गर्नेछ ।

८.**कारवाही सम्बन्धि ब्यबस्था** :-

(१) यस कार्यविधिमा तोकियाको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरि राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरि राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाइ समेत प्रचलित कानुन बमोजिम कारबाही गरि त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner